सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

(२०७५ बैशाख, जेठ र असार महिनामा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण)



# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं


फोन: ०१-५२६२१५१, ५२६२११९,
५२६२१७३, ५२६२१०२, ५२६२०५९

फ्याक्स: ९७७-१-५२६२१२८, ५२६२१०४

टोल फ्रि नं.: १६६०-०१-२२२३३

E-mail: akhtiyar@ntc.net.np

| क्र.सं. | विषय-सूची | पेज नं. |
|---|---|---|
| १. | आयोगको स्वरुप र प्रकृति | १ |
| २. | आयोगको काम, कर्तव्य र अधिकार | २ |
| ३. | आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण | ३ |
| ४. | आयोगबाट प्रदान गरिने सेवा | ४ |
| ५. | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | ४ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ४ |
| ७. | निर्णय गर्ने प्रकृया र अधिकारी | ४ |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ४ |
| ९. | सम्पादन गरेको कामको विवरण | ४ |
| १०. | सूचना अधिकारी र प्रमुखको नाम र पद | ९ |
| ११. | संविधान, ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | ९ |
| १२. | आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण | १० |
| १३. | तोकिए बमोजिमको अन्य विवरण | १० |
| १४. | अघिल्लो आ.ब.मा संचालित कार्यक्रमहरु | १० |
| १५. | बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोगको विवरण | ११ |
| १६. | सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको विवरण | ११ |
| १७. | सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको अवधि | ११ |
| १८. | सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिएको विषय | ११ |
| १९. | आयोगको बेवसाईट | ११ |
| २०. | विविध | ११ |
| २१. | अनुसूचि-१ | १२ |

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

आ.ब. २०७४/०७५ (२०७५ बैशाख देखि २०७५ असार महिनासम्म)

## १. आयोगको स्वरुप र प्रकृति

नेपालमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रबर्द्धन गर्नको लागि नेपालको संविधानको भाग २१, धारा २३८ मा संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरिएको छ । जस अनुसार आयोगमा प्रमुख आयुक्त र अन्य चारजना आयुक्तहरु रहनेछन् । प्रमुख आयुक्तले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अध्यक्ष भै काम गर्ने व्यवस्था छ । राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा प्रमुख आयुक्त र आयुक्तको नियुक्ति गर्ने प्रावधान छ । आयोगका प्रमुख आयुक्त र आयुक्तको पदावधी नियुक्तिको मितिले छ वर्षको हुनेछ । प्रमुख आयुक्त र आयुक्त ६५ वर्षको उमेरसम्म पदमा बहाल रहन सक्ने व्यवस्था रहेको छ ।

संविधानको धारा २३९ ले सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने व्यवस्था छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरु

| | |
|---|---|
| माननीय कार्यवाहक प्रमुख आयुक्त | नवीन कुमार घिमिरे |
| माननीय आयुक्त | डा. गणेशराज जोशी |
| माननीय आयुक्त | राजनारायण पाठक |
| माननीय आयुक्त | डा. साबित्री थापा गुरुङ |

आयोगको केन्द्रीय कार्यालय, टंगाल, काठमाडौंमा रहेको छ । आयोग अन्तर्गत देहायका दश वटा मातहतका कार्यालयहरु रहेका छन् ।

| सि. नं. | मातहत कार्यालयको नाम | कार्यालयको फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|
| १. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरी | ०२५-५८६९७० | ०२५-५८५६०० |
| २. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, धनकुटा | ०२६-५२१६१६ | ०२६-५२१६०६ |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा | ०५७-५२१७४४ | ०५७-५२०३६९ |
| ४. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवास | ०४४-५५०६८६ | ०४४-५५०५३१ |
| ५. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा | ०६१-५४०४५१ | ०६१-५४०४५२ |
| ६. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल | ०७१-४१९११९ | ०७१-४१९२१९ |
| ७. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत | ०८३-५२१९६० | ०८३-५२३८८४ |
| ८. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कोहलपुर | ०८१-५४०७७५ | ०८१-५४०७७५ |
| ९. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर | ०९९-५२४२६३ | ०९९-५२४८३९ |
| १०. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, दिपायल | ०९४-४४०१५६ | ०९४-४४०१५७ |

## २. आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको भाग २१ को धारा २३९ बमोजिम "(१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ।

तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन।

(२) धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐन बमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि संघीय कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ।

(३) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ।

(४) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ।

(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(६) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ।"  त्यसैगरी संविधानको धारा २९३ मा संवैधानिक निकायको काम कारवाहीको अनुगमन संसदीय समितिबाट हुने व्यवस्था रहेको छ भने धारा २९४ मा आयोगको बार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष बुझाउने सम्बन्धी व्यवस्था रहेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई अनुसन्धान गरी अभियोजन गर्ने कार्यको अतिरिक्त कानुनी राज्यको अवधारणा अनुरुप सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने सुधारात्मक कार्यहरु गर्ने थप दायित्व समेत सुम्पेको छ। जस अन्तर्गत आयोगबाट निम्न कार्यहरु सम्पादित हुने गरेको छन्:

- विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने।
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यहरु गर्ने।

- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसँग समन्वय, आपसी सहयोग र सम्वन्ध सुदृढ गर्ने ।
- आवश्यकतानुसार सम्वन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने ।

**२.१ आयोगको संस्थागत रणनीति (सन् २०१४-२०१९)अनुसार दूरदृष्टि,परिलक्ष्य, लक्ष्य तथा रणनीतिहरु देहायअनुसार रहेको छ ।**

**२.१.१ दूरदृष्टि:** नेपाललाई भ्रष्टाचारमुक्त मुलुकको रुपमा स्थापित गर्ने ।

**२.१.२ परिलक्ष्य:** सार्वजनिक क्षेत्रमा रहेको भ्रष्टाचारको नियन्त्रणबाट कानूनको शासन र सुशासन अभिवृद्धि गर्ने।

**२.१.३ लक्ष्य:** सन् २०१९ सम्ममा सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचार सम्बन्धी क्रियाकलापहरुमा उल्लेख्य कमी आएको अनुभूति हुनेछ ।

माथि उल्लेखित दूरदृष्टि, परिलक्ष्य तथा लक्ष्य प्राप्त गर्न निम्नानुसारका मुख्य र परिपूरक रणनीतिहरु राखिएका छन् ।

**२.१.४ रणनीतिहरु**

- भ्रष्टाचार विरुद्धका नीति र कानूनहरुको कार्यान्वयनमा जोड दिने
- भ्रष्टाचार नियन्त्रणको लागि निरोधात्मक कार्यहरु गर्ने
- भ्रष्टाचार विरुद्ध जनचेतना अभिबृद्धि गर्न प्रबर्द्धनात्मक कार्यहरु गर्ने

**२.१.५ परिपूरक रणनीतिहरु**

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षमता अभिवृद्धि गर्ने
- भ्रष्ट्राचार नियन्त्रणमा संलग्न बिभिन्न निकायवीच समन्वय प्रभावकारी बनाउने
- क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्बन्ध स्थापित गरी विस्तार गर्ने

## ३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवालयको प्रमुखमा नेपाल सरकारबाट नियुक्त राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ ।आयोगको संगठन तालिका अनुसूची-१ मा उल्लेख गरिएको छ । आयोगमा अनुसन्धान महाशाखाहरु-६ वटा, विशेष अनुसन्धान महाशाखा, प्रहरी महाशाखा, प्रशासन महाशाखा, मुद्दा, बहस तथा पुनरावेदन महाशाखा, अनुगमन तथा तामेली महाशाखा र नीति, योजना तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा गरी जम्मा १२ वटा महाशाखा रहेका छन् ।आयोगको केन्द्रमा हाल ५१८ जना कर्मचारीको स्वीकृत दरवन्दी रहेको छ ।अख्तियार दुरुपयोग अनुसन्धान आयोगका १० वटा कार्यालयहरुमा कुल दरवन्दी ३०२ समेत गरी हाल आयोग र अन्तर्गतका कार्यालयमा जम्मा ८२० जना कर्मचारीको दरवन्दी रहेको छ । आयोगको संगठन तालिका अनुसूचि -१ मा संलग्न छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
२०४७

## ४. आयोगबाट प्रदान गरिने सेवा

नेपालको संविधानमा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्नअन्य व्यक्तिहरु उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउन सक्ने व्यवस्था गरिएको छ ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता भएका भ्रष्टाचारसम्वन्धी विभिन्न उजुरीहरुलाई मन्त्रालयगत/निकायगत रुपमा वर्गिकरण गरी तोकिएका अनुसन्धान महाशाखाहरुबाट उजुरीहरुको प्रारम्भिक छानविन तथा आवश्यकता अनुसार विस्तृत अनुसन्धान हुने ।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

१० पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु. ५/- दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिन सम्मको अवधी लाग्ने ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी कानून अनुसार दिन मिल्ने सूचना सूचना अधिकारी मार्फत उपलब्ध गराउने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री महेश्वर न्यौपाने

## ९. सम्पादन गरेको कामको विवरण: प्राप्त उजुरी, फछर्यौंट र बाँकीको अवस्था

| गत आ.ब. को अ.ल्या. | आ.ब. २०७४।७५ असार मसान्त सम्मको नयाँ उजुरी | आ.ब. २०७४।७५ असार मसान्त सम्मको जम्मा उजुरी | फछर्यौंट | | | | | जम्मा फछर्यौंट | फछर्यौंट हुन बाँकी | प्रगति प्रतिशत % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विस्तृत अनुसन्धान | आयोग बाट तामेली | आयोगको अन्य कार्यालय वा महाशाखा प्रेषित | कारवाहीको लागि लेखि पठाएको | अन्य उजुरीमा गाभिएको | | | |
| ७,७१९ | ११,७६९ | १९,४८८ | ५४६ | ६,७२० | १,४८५ | ३,०६२ | ५८७ | १२४०० | ७,०८८ | ६३.६ |

### ९.१ भ्रष्टाचार नियन्त्रणका लागि निरोधात्मक र प्रबर्द्धनात्मक रणनिति साथै दण्डात्मक कार्यहरु

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधिको सम्बन्धमा छुट्टै व्यवस्था गरी आयोगलाई भ्रष्टाचार नियन्त्रणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक र दण्डात्मक कार्य गर्ने जिम्मेवारी प्रदान गरेको छ । त्यसैगरी भ्रष्टाचार नियन्त्रणका लागि प्रबर्द्धनात्मक तथा निरोधात्मक कार्य सम्बन्धी अवधारणा पत्र २०७४ लागू गरिएको छ ।

**९.१.१ भ्रष्टाचार नियन्त्रणमा आयोगबाट भएको दण्डात्मक कार्यको विवरण:-**

क. २०७४ साउनदेखि २०७५ असार मसान्तसम्म जम्मा १९२ वटा मुद्दामा ४३४ जनालाई प्रतिवादी बनाई विशेष अदालतमा मुद्दा दायर गरी १० अरव ५८ करोड ५० लाख २३ हजार ४५२ रुपैयाँ विगो माग दावी गरिएको छ।

ख. **स्टिङ अपरेशनमा प्राप्त सफलता र पछिल्लो अवस्था :** चालु आर्थिक वर्षको असार मसान्तसम्म घुस रिसवत लिने १५६ जना कर्मचारीलाई रंगेहात पक्राउ गरी विगो रु. १ करोड ५ लाख २१ हजार सहित विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको छ।

**विशेष अदालतमा स्टिङ्ग अपरेशनमा कारवाही गरी मुद्दा दायर गरिएका विभिन्न पदहरु सहितको विवरण**

| क्र.सं. | पदहरु | संख्या | क्र.सं. | पदहरु | संख्या |
|---|---|---|---|---|---|
| | सहसचिव | २ | | ने.वि.प्रा.को इलेक्ट्रीसियन | १ |
| | उपसचिव | ५ | | ने.वि.प्रा.को चौथो तह फोरमेन | २ |
| | जि.शि.अ. | १ | | फरेष्टर | १ |
| | निर्देशक नरदेवी आयुर्वेदिक हस्पिटल | १ | | ने.वि.प्रा.को तेस्रो तह फोरमेन | २ |
| | शाखा अधिकृत | १५ | | ने.वि.प्रा.को मिटर रिडर | १ |
| | सहायक प्रबन्धक रा.बा. बैंक | १ | | ने.वि.प्रा.को सुपरभाईजर | २ |
| | अनुसन्धान अधिकृत | १ | | सव-इन्जिनियर | ३ |
| | इन्जिनियर | ९ | | ल्याब टेक्निसियन | १ |
| | सहायक बन अधिकृत | २ | | लेखापाल | ३ |
| | कार्यक्रम अधिकृत | १ | | लेखापढी व्यवसायी | २ |
| | कार्यालय प्रमुख | ३ | | लेखन्दास | १ |
| | प्र.ना.उ. | १ | | रेन्जर | २ |
| | प्र.नि. | २ | | माली | १ |
| | प्र.ना.नि. | २ | | वालुवा डिपो संचालक | १ |
| | प्र.स.नि. | ३ | | वन रक्षक | ३ |
| | प्र.ह. | २ | | खरिदार | १० |
| | हेल्थ असिष्टेण्ट अधिकृत | १ | | कृषि प्राविधिक | १ |
| | सहायक प्रशासक गुठी | १ | | बरिष्ठ सहायक गुठी | १ |
| | सामाजिक परिचालक | १ | | ड्राईभिङ इन्सिच्यूट संचालक | १ |
| | अमिन | २ | | ज्यालादारी | १ |
| | कम्प्यूटर अपरेटर | ४ | | सहायक गुठी | १ |
| | ना.सु. | ३० | | ह.स.चा. | १ |
| | प्रहरी जवान | ९ | | कार्यालय सहयोगी | ६ |
| | सहायक करार | १ | | सर्वसाधारण | ७ |
| | | | | जम्मा | १५५ |

ग. **गैरकानूनी रुपमा अकुत सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको उजुरीमा छानविनको अवस्था**

चालु आर्थिक वर्षको असार मसान्तसम्ममा सार्वजनिक पद धारण गरेका व्यक्तिले गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको उजुरी छानविन गर्दा सम्पत्ति विवरण अमिल्दो तथा अस्वभाविक देखिई विस्तृत अनुसन्धान गरी उच्च तहका ४ जना राष्ट्रसेवक सहित १० जनालाई ११ करोड ९७ लाख ७४ हजार ८२२ विगो मागदावी गरी विशेष अदालतमा मुद्दा दायर गरिएको छ।

### ९.१.२ निरोधात्मक रणनीति

निरोधात्मक रणनीति अन्तर्गत आयोगले भ्रष्टाचारको जोखिमपूर्ण क्षेत्र तथा विद्यमान पद्धतिका कमजोरी र भ्रष्टाचारका प्रमुख कारणहरुको पहिचानमा जोड दिएको छ। भ्रष्टाचार न्यूनीकरण र निरोधका लागि सार्वजनिक निकायले अपनाउनुपर्ने उपायहरुका बारेमा नीतिगत सुझाव दिने साथै भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न निकायहरुबाट सम्पादन हुने क्रियाकलापहरुबीच समन्वय एवं तिनको अनुगमन जस्ता कार्यहरु निरन्तर गर्दै आएको छ।

आयोगकै पहलस्वरुप सार्वजनिक निकायमा आचारसंहिता तर्जुमा गरी लागू गराउने प्रयत्न भएको छ। विभिन्न मन्त्रालय र केन्द्रीय निकायहरुमा गठित सम्पर्क विन्दु (Focal Point) मार्फत आचार संहिताको नियमित अनुगमन गर्ने कार्यको प्रारम्भ भएको छ।

स्थलगत रुपमै विभिन्न अनुसन्धान टोलीहरु परिचालन गरी भ्रष्टाचार विरुद्धको छानविनलाई परिणाममुखी तुल्याउने विषयमा पनि आयोग सक्रिय रहँदै आएको छ। यसका लागि क्षेत्रीय र सम्पर्क कार्यालयहरुलाई विशेष रुपमा परिचालित गरिएको छ। सार्वजनिक निकायहरुमा कार्य संचालन कार्यविधि **(Standard Operational Procedures)** तयार गर्न लगाउने र कार्यसम्पादन दिग्दर्शन, कार्यविधि वा विनियम बनाई कार्यसम्पादनलाई सरलीकरण गर्न लगाउने विषयमा पनि आयोगले सुझावहरु दिंदै आएको छ।

नागरिक सेवा प्रवाह तथा सार्वजनिक सरोकारका विषयमा सार्वजनिक निकाय र पदाधिकारीहरुबाट सम्पादित कार्यको प्रभावकारिताका लागि सम्वद्ध निकायका जिम्मेवार पदाधिकारीहरुसँग अन्तर्क्रिया/बैठकहरु आयोजना गरिएका छन। आयोगका माननीय प्रमुख आयुक्त र माननीय आयुक्तहरुको समुपस्थितिमा विभिन्न निकायहरुबाट प्रवाहित सेवाको अवस्था, समस्या तथा चुनौतीहरु एवं समाधानका उपायहरुबारे छलफल गरी सहजीकरण र समन्वय जस्ता पक्षमा सुधार भई सेवाप्रवाहमा प्रभावकारिता ल्याउन सहयोग पुगेको छ।

### ९.१.३ प्रवर्द्धनात्मक रणनीति

प्रवर्द्धनात्मक रणनीति अन्तर्गत भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तरक्रिया, छलफल र गोष्ठी तथा सामुदायिक शिक्षासम्वन्धी कार्यक्रमहरु संचालन गरिएको छ। भ्रष्टाचार नियन्त्रणमा आयोगको भूमिका समेटिएको डकुमेन्ट्री तयार गर्ने, पत्रपत्रिका तथा एफ.एम. रेडियो समेतबाट सन्देशमूलक सूचनाहरु प्रकाशन र प्रसारण गर्ने,ब्रोसर एवम् पोष्टर र पम्प्लेट जस्ता सामाग्रीको छपाइ तथा वितरण गर्ने र नियमित रुपमा भ्रष्टाचारविरुद्धका महत्वपूर्ण लेख रचनाहिरु समावेश भएका पुस्तिकाहरु प्रकाशन गर्ने कार्य हुँदै आएका छन्।

आयोगले भ्रष्टाचारविरुद्ध निष्पक्ष र उत्कृष्ट समाचार सम्प्रेषण गर्ने संचार माध्यमका अतिरिक्त अन्य विभिन्न माध्यमबाट भ्रष्टाचार नियन्त्रणको अभियानमा सहयोग पुऱ्याउने विशष्ट व्यक्तिहरुलाई पुरस्कृत र सम्मान गर्ने नीति कार्यान्वयन गर्दै आएको छ । यसका अतिरिक्त भ्रष्टाचार विरुद्धका राष्ट्रिय र अन्तर्राष्ट्रिय दिवसहरुलाई आयोगले उल्लास र विशेष भव्यताका साथ सम्पन्न गर्ने अभ्यासको थालनी गरेको छ । आर्थिक बर्ष २०७४।०७५ को २०७५ बैशाख देखि असारसम्म सञ्चालन भएका कार्यक्रमहरु निम्न अनुसार छन् ।

**क. सुशासन प्रबर्द्धन गोष्ठी**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संयुक्त आयोजनामा *"भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा स्थानीय तहको भूमिका"* विषयक स्थानीय तहका प्रमुख/उप-प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरुको लागि एक दिवसीय अन्तरक्रिया गोष्ठी सात वटै प्रदेशमा सञ्चालन भएको छ । उक्त कार्यक्रम देहाय अनुसार सञ्चालन भयो ।

१. प्रदेश नं. ३ मा मिति २०७५ बैशाख ११ र १२ गते स्टाफ कलेज, जाउलाखेल, ललितपुरमा सम्पन्न ।
२. प्रदेश नं. ४ मा मिति २०७५ बैशाख १९ र २० गते पोखरामा सम्पन्न ।
३. प्रदेश नं. ५ का ७ जिल्लाका ७० स्थानीय तहका लागि मिति २०७५ बैशाख २६ गते बुटबलमा सम्पन्न ।
४. प्रदेश नं. ५ का ५ जिल्लाका ३९ स्थानीय तहका लागि मिति २०७५ बैशाख २८ गते नेपालगन्जमा सम्पन्न ।
५. प्रदेश नं. ६ मा मिति २०७५ जेठ १० र ११ गते सुर्खेतमा सम्पन्न ।
६. प्रदेश नं. ७ मा मिति २०७५ जेठ १३ र १४ गते धनगढीमा सम्पन्न ।

**ख. अन्तरक्रिया र छलफल**

प्रवर्द्धनात्मक रणनीति अन्तर्गत आयोग मातहतका कार्यालयहरुको संयोजनमा विभिन्न जिल्लाका कार्यालय प्रमुखहरु, नागरिक समाज, संचारकर्मी, गैरसरकारी संघसंस्था, उद्योग वाणिज्य संघका प्रतिनिधि, कानून व्यवसायी लगायत समाजका अगुवा समेतको सहभागितामा विभिन्न मितिमा अन्तर्क्रिया तथा छलफल कार्यक्रमहरु संचालन गरिएका छन् ।

आयोगको संस्थागत रणनीतिक योजना २०१४-२०१९ को विज्ञ र सरोकारवाला निकायको प्रतिनिधि समेत राखी मिति २०७५।०३।२९ मा मध्यावधी मूल्याङ्कन गरियो ।

**ग. सामुदयिक शिक्षा कार्यक्रम**

आयोगले आर्थिक वर्ष **२०६४।६५** देखि भ्रष्टाचार विरुद्धको जनचेतनामूलक सामुदायिक शिक्षा कार्यक्रम संचालन गर्दै आएको छ । खासगरी उच्च माध्यमिक विद्यालय र क्याम्पसमा अध्ययनरत विद्यार्थी र शिक्षकहरुलाई लक्षित गरी संचालित गरिने कार्यक्रमहरुमा आ.व. **२०७४।७५** को असार मसान्तसम्म आयोगका र मातहत कार्यालयहरु मार्फत भ्रष्टाचार विरुद्ध जनचेतना मूलक ११९ वटा सामुदायिक शिक्षा कार्यक्रम तथा स्थानीय स्तरमा ८७ वटा र प्रदेश/केन्द्रीयस्तरमा १९ वटा गरी जम्मा १०६ वटा अन्तर्क्रिया/गोष्ठी आयोजना गरिएको छ । रेडियो तथा एफ.एम. मार्फत भ्रष्टाचार नियन्त्रणसम्वन्धी चेतनामूलक सूचनाहरु निरन्तर प्रसारण गरिएको छ ।

### घ. सम्पर्क विन्दु (Focal Point) बैठक

आयोगबाट भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गर्न तथा भ्रष्टाचार न्यूनीकरणसम्वन्धी समसामयिक विषयहरुमा विभिन्न मन्त्रालय र निकायका सम्पर्क विन्दुको रुपमा तोकिएका जिम्मेवार पदाधिकारीहरुसँग नियमित रुपमा बैठकको आयोजना गरिएको छ ।

### ङ. जानकारी एवम् सन्देशमूलक सूचना प्रकाशन र प्रसारण

आयोगले आफ्नो वेभपेज, फेसबुक तथा ट्वीटरको माध्यमबाट एवं आयोगका कार्यालयहरुबाट आ-आफ्ना कार्य क्षेत्रका स्थानीय पत्रपत्रिका तथा एफ.एम. रेडियोहरु मार्फत भ्रष्टाचारका विरुद्धमा जनचेतना सिर्जना गर्ने उद्देश्यले विभिन्न सन्देशमूलक सूचनाहरु प्रसारण गर्ने गरेको छ ।यसका अतिरिक्त आयोगका गतिविधिहरु समेटी बुलेटिन र ब्रोसर प्रकाशन गरी वितरण समेत गर्ने गरिएको छ ।भ्रष्टाचार विरोधी जनचेतना अभिवृद्धि गर्न विभिन्न प्रकारका प्रचार सामाग्रीहरु नियमित रुपमा प्रकाशन गरी वितरण समेत गर्ने गरिएको छ ।

२०७४ साल असोज ३ गतेबाट "भ्रष्टाचार विरुद्ध अभियान" शिर्षकमा रेडियो नेपालबाट पाक्षिकरुपमा बिहिवार विहान ७ बजेको समाचारपछि रेडियो कार्यक्रम सञ्चालन गरिएको छ ।

### च. आयोग पदाधिकारी एवं कर्मचारीहरुको आचारसंहिता

आयोगमा कार्यरत जनशक्तिलाई थप अनुशासित, नैतिकवान र जवाफदेही बनाउन आचारसंहितालाई परिमार्जन गरी आयोग पदाधिकारी एवं कर्मचारीहरुको आचार संहिता, २०७३ अवलम्वन गरिएको छ । परिवर्तित सन्दर्भ र आयोगको गरिमा अनुरुप आयोगका पदाधिकारी र कर्मचारीहरुलाई अनुशासित र मर्यादित बनाउन विद्यमान आचार संहितामा आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

### छ. अदालतका फैसलाहरुको अध्ययन र विश्लेषण गर्ने

अदालतद्वारा भएको फैसलाहरुको अध्ययन विश्लेषण गर्ने तथा मुद्दा सफलता र असफलताका कारणहरु पहिचान गरी आगामी दिनमा गर्नुपर्ने सुधारका उपायहरु अबलम्बन गर्न अनुसन्धान तहकिकात, मुद्दा तयारी र बहस पैरवी प्रक्रियालाई अझ सुदृढ र व्यवस्तित बनाई अधिकतम सफलता प्राप्त गर्न अदालतबाट भएका फैसलाहरुको अध्ययन गर्ने कार्य भैरहेको छ।

### ज. तालिम कार्यक्रम/अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागिता

कर्मचारीको क्षमता अभिवृद्धि आयोगको संस्थागत रणनीति एक महत्वपूर्ण पक्ष हो । कुनै पनि संगठनको लक्ष्य प्राप्तिमा मानवीय पुँजीको (Human Capital) अहम् भूमिका रहने हुँदा आयोगमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिमा जोड दिएको छ । आ.व. २०७४।७५ को असार मसान्तसम्म आयोग र आयोग अन्तर्गत कार्यरत १७९ जना कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

झ. **नेपालमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन सम्बन्धी अध्ययन:-**

आयोगले सार्वजनिक निकायबाट प्रदान हुँदै आएको सेवा प्रवाह र सुशासनको अबस्था, सुशासन र भ्रष्टाचार नियन्त्रणमा आयोगको भूमिका लगायत विषयमा सेवाग्राही अवधारणा सर्भेक्षण गर्ने कार्य गरियो।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

**प्रमुख**:- सचिव श्री महेश्वर न्यौपाने

**सह-सचिव एवं प्रवक्ता**:- रामेश्वर दंगाल सम्पर्क नं. ९८४१३६४००९

**सूचना अधिकारी**:- उप-सचिव श्री मदन कोइराला ९८४१३५१४८८

**सहायक सूचना अधिकारी**:- शाखा अधिकृत गोकुल पन्त ९८५१२०२८३५

आयोग मातहतका १० वटा कार्यालयहरुका सूचना अधिकारीहरुको नाम र सम्पर्क टेलिफोन नं. देहाय अनुसार रहेको छ।

| कार्यालयको नाम | सूचना अधिकारीको नाम | सम्पर्क टेलीफोन नं. |
|---|---|---|
| अ.दु.अ.आ.कार्यालय, इटहरी | उप-सचिव श्री नरेन्द्र प्रसाद भट्टराई | ९८४१२५११२४ |
| अ.दु.अ.आ.कार्यालय, धनकुटा | शा.अ. श्री रविन सापकोटा | ९८६६८९४३१३ |
| अ.दु.अ.आ.कार्यालय, हेटौडा | उप-सचिव देव कुमार राई | ९८४५८२८४०५ |
| अ.दु.अ.आ.कार्यालय, बर्दिवास | प्र.ना.उ. श्री ठाकुर प्रसाद पोखरेल | ९८५१२८१३९५ |
| अ.दु.अ.आ.कार्यालय, पोखरा | उप-सचिव श्री रमेश ढकाल | ९८४९०३१७९७ |
| अ.दु.अ.आ.कार्यालय, बुटवल | प्र.ना.उ. श्री राम प्रकाश शाह | ९८५१०१८४८० |
| अ.दु.अ.आ.कार्यालय, सुर्खेत | शा.अ. श्री मेघनाथ सापकोटा | ९८४८०२८१०४ |
| अ.दु.अ.आ.कार्यालय, कोहलपुर | शा.अ. श्री निराजन शर्मा | ९८४३७०१५६६ |
| अ.दु.अ.आ.कार्यालय, कन्चनपुर | प्र.ना.उ. श्री प्रेम सागर के.सी. | ९८५१२८१९३२ |
| अ.दु.अ.आ.कार्यालय, दिपायल | शा.अ. श्री अम्मर राज जोशी | ९७४९००२३४६ |

## ११. संविधान,ऐन,नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली,२०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७३
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरुको आचार संहिता, २०७३
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- विशेष अदालत ऐन, २०५९

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्वन्धी अद्यावधिक विवरण

आर्थिक बर्ष २०७४/७५ को असार मसान्तसम्म विनियोजन तथा खर्चको विवरण

| बजेट उपशीर्षक | बजेट शीर्षक | बार्षिक बजेट विनियोजन (रु. हजारमा) | बार्षिक कुल खर्च(रु.हजारमा) |
|---|---|---|---|
| संस्थागत सुदृढीकरण (२०६१०१३) | चालु | १२५१०५ | ६८१८५ |
| संस्थागत सुदृढीकरण (२०६१०१४) | पुँजिगत | ८६९७५ | ५३७६५ |

हालसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कुनै बेरुजु नभएको अवस्था छ।

## १३. तोकिए बमोजिमको अन्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट चालु आ.व. मा प्रकाशन भएका प्रतिवेदन तथा अन्य प्रकाशनहरु देहाय बमोजिम रहेका छन्:

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आधारभूत प्रशिक्षण दिग्दर्शन, २०७४
- प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्यसम्बन्धी अवधारणापत्र, २०७४
- आयोगको सत्ताईसौं वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७३/७४)
- आयोगको सत्ताईसौं वार्षिक प्रतिवेदनको सारांश
- अख्तियार बुलेटिन
- स्मारिका प्रकाशन, २०७४

## १४. अघिल्लो आ.व.मा सञ्चलित कार्यक्रमहरु

- सामुदयिक शिक्षा कार्यक्रम
- अन्तरक्रिया कार्यक्रम
- समन्वय बैठक
- बैदेशिक तालिम तथा अवलोकन भ्रमण
- कानूनमा सुधारका लागि अन्तर्क्रिया तथा मस्यौदा तयारी कार्य
- भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस
- अनुसन्धानका लागि आधारभूत तालिम कार्यक्रम
- आयोगको स्थापना दिवस कार्यक्रम

अख्तियार दुरुपयोग अनुसन्धान आयोग २०४७

## १५. वैदशिक सहायता, ऋण, अनुदान एवं प्रविधिक सहयोगको विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हालसम्म कुनै प्रत्यक्ष वैदेशिक सहायता तथा ऋण सहयोग नलिएको ।

## १६. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

भ्रष्टाचार नियन्त्रण गरी देशमा सुशासन कायम गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आ.व. २०७३/७४ मा गरेका कार्यहरुको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भइसकेको छ । उक्त प्रतिवेदन आयोगको वेवसाईटमा राखिएको छ ।

## १७. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

सूचनाको हक सम्बन्धी ऐन, २०६४, आयोगसँग सम्बन्धित ऐन, नियमावलीमा गोप्य रहने भनि उल्लेख गरेका सूचना बाहेक सबै प्रकारका सूचनाहरु आयोगको वेबसाईट मार्फत् दैनिक जानकारी गराईएको छ ।

## १८. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिएको विषय

२ (दुई) वटा ।

## १९. आयोगको वेबसाइट र सोको विवरण

आयोगको वेवसाइट www.ciaa.gov.np रहेको छ ।उक्त वेबसाइटमा आयोगको परिचय, आयोगका पदाधिकारीहरुको परिचय, गठन,सांगठनिक संरचना, आयोग मातहतका कार्यालयहरुको विवरण, ऐन कानून, प्रतिवेदन, सूचना, प्रेस विज्ञप्ति तथा आयोगका विभिन्न प्रकाशनहरु सूचीकृत गरिएको छ । यसका अलावा अनलाइन मार्फत उजुरी प्रेषित गर्ने व्यवस्थासमेत मिलाइएको छ । २०७२ माघ महिनादेखि आयोगको हटलाइन १०७ मार्फत उजुरी गुनासाहरु सम्प्रेषण गर्न सकिने व्यवस्था मिलाइएको छ । यसका साथै आयोगको Android मोबाइल एप्लिकेसन FACCIAA (Fight Against Corruption) समेतबाट उजुरी तथा गुनासाहरु सजिलैसगँ आयोगमा संप्रेषण गर्न सकिने व्यवस्था गरिएको छ ।आयोगको फेसबुक पेज www.facebook.com/NepalCIAAमार्फत आयोगका प्रेसविज्ञप्ति सार्वजनिक गरी सूचना संप्रेषण गर्ने व्यवस्था गरिएकोछ ।

## २०. विविध

आयोगका गतिविधिहरुका सम्वन्धमा थप जानकारी तथा सूचनाहरु आयोगको वेवसाइट www.ciaa.gov.npतथा आयोगको फेसबुक पेजwww.facebook.com/NepalCIAAबाट समेत प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको छ ।

आयोगको सम्पर्क

पो.ब.नं. ९९९६
टंगाल, काठमाडौं
नेपाल ।

फोन तथा फ्याक्स

फोनः ०१-५२६२१५१, ०१-५२६२११९, ०१-५२६२१७३, ०१-५२६२१०२, ०१-५२६२०५९
फ्याक्सः ९७७-१-५२६२१२८, ५२६२१०४
टोल फ्रि नं.: १६६०-०१-२२२३३
हटलाइन नं.: १०७

E-mail: akhtiyar@ntc.net.np

अनुसूची – १

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सङ्गठन तालिका






अख्तियार दुरुपयोग अनुसन्धान आयोग २०४७